नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८०/०६/१२ गते माननीय कार्यवाहक प्रधानमन्त्री पुर्णबहादुर खड्काज्यूको समुपस्थितिमा नजिकिदै गरेका चाडपर्वहरू लक्षित गरी उपभोग्य वस्तुको मुल्यबृद्धि, अखाद्य बस्तुको प्रयोग, म्याद नागेका वस्तुको बिक्रिबितरण, कृत्रिम अभाव जस्ता विषयहरूको बजार अनुगमन सम्बन्धमा आवश्यक छलफल गरी विभिन्न निर्णयहरू भए। सो बैठकमा अनुगमनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था, २४ सै घण्टा संयुक्त बजार अनुगमन गर्न सकिने गरी अनुगमन टोली खटाउने, अनुगमन कार्यको लागि समन्वयको अभाव नहुने गरी अनुगमन कार्य गर्ने । साथै अनुगमनको क्रममा प्रयोगशाला परीक्षण गर्न पठाइएको वस्तुहरूको परीक्षण रिपोर्ट समयमै उपलब्ध हुने, गोदाममा भेटिएका उपभोग्य सामानहरू यथाशिघ्र बजार लैजाने व्यवस्था मिलाउने सम्बन्धमा माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूले निर्देशन दिनु भयो।

सो बैठकमा माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री नारायणकाजी श्रेष्ठज्यू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालज्यू, निमित्त मुख्यसचिव एकनारायण अर्याल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. गणेशप्रसाद पाण्डेय, गृह सचिव दिनेश भट्टराई लगायत विभिन्न निकायका पदाधिकारीहरूको उपस्थिति थियो।

मिति :-२०८०/०६/१२

सन्तोष प्रसाद दाहाल
सहायक प्रवक्ता